# चम्पादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कालिका, ओखलढुंगा
स्था : २०७३
कोशी प्रदेश, नेपाल

प.स :- ०८०/०८१
च.नं:-

समुदायमा आधारित पुनः स्थापना सहजकर्ता पदका लागि दरखस्त आह्वान गरियोको सुचना

(प्रकाशित मिति: २०८०/०९/२८)

यस चम्पादेवी गाउँपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्राललय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको कार्यक्रमको साझेदारमा संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पद खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्युनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ। चम्पादेवी गाउँपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरि सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परिक्षा दसस्तुर तिरेको बैंक भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुललुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविधालयबाट सकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी विज्ञापन प्रकाशन भएको दिन बाट पन्ध्र दिनभित्र कार्यालय समयमा चम्पादेवी गाउँपालिकाको कार्यालय समकक्षता पेस गर्नु पर्नेछ।

रित नपुगेको, तोकिएको आवश्यक न्युनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएमा दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारबाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

तपसिल

१. विज्ञापन नं पद र माग संख्याः .

| सि.न . | वि.नं . | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | ०३-०८०/०८१ | समुदायमा आधारित पुनः स्थापना सहजकर्ता (सिविआर) | खुला | १ |
| २. | ०४-०८०/०८१ | समुदायमा आधारित पुनः स्थापना सहजकर्ता (सिविआर) | समावेसी अपाङ्ग ( फिल्डमा गएर काम गर्न सक्ने) | १ |

प्रेम प्रसाद सुवेदी
नि. प्रमुख प्रशासकीय अधिकृत

Email :- ito.champadevimun@gmail.com website :- www.champadevimun.gov.np

प.स :- ०८०/०८१
च.नं:-

२. सेवाको किसिमः करार सेवा

३. आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभव

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्युनतम कक्षा १२ वा सो सरह उतीर्ण गरेको,

(ग) सम्बन्धित स्थानीय तहको बासिन्दा हुनुपर्ने। तर, छनोट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानिय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तहरु मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रकृया पुरा गरी सहजकर्ता छनोट गर्न बाधा नपर्ने,

(घ) नियमित रुपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

(ङ) नियमित रुपमा अपाङ्गता भएका वयक्तिको घरैमा गई अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(च) कम्पयुटर तथा कागजी दुवै स्वरुपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

४. तलब, सुविधा तथा अन्य सेवा शर्तः समुदायमा आधारित पुनःस्थापना सहजकर्ता छनोट सम्बन्धी मार्गदर्शन, २०८० मा उल्लेख भए बमोजिम हुनेछ ।

५. उम्मेद्धारको उमेर

(क) महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८०/११/१४) सम्मा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।

(ख) पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८०/११/१४) सम्मा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।

६. उम्मेद्धारको छनोट विधिः लिखित परीक्षा,कम्पयुटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वाता।

७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान

(क) पालिका कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी चम्पादेवी गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्ने,

(ख) दरखास्त बुझाउनका लागि आवश्यक कागजात सहित कोशी प्रदेश, समाजिक बिकास मन्त्रालयको वेवसाइटमा समुदायमा आधारित पुनस्थापना सहजकर्ता छनौट सम्बन्धि मार्गदर्शन, २०८० को अनुसिचि ३ को दरखास्त फारम भरि champadevirm@gmail.com इमेल गर्नुपर्नेछ।

८. परीक्षा दस्तुरः रू १०००।- अक्षेरुपी एक हजार रुपैया मात्र।

प.स :- ०८०/०८१
च.नं:-

९. परीक्ष दस्तुर बुझाउने प्रक्रियाः कृषी विकास बैंकको चम्पादेवी गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ११२५७०१७८२६१६०११ मा जम्मा गरेको सक्कल भौचर वा गाँउ कार्यपालिकाको कार्यालयमा रसिद मार्फत परिक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम साथ पेश गर्नुपर्ने छ।

१०. दरखास्त फाराम भर्ने मितिः मिति २०८०/०९/२८ देखी २०८०/१०/१३ गते कार्यालय समय सम्म।

११.परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको तीन दिन भित्र सम्भव भएसम्म टेलिफोन गरी जानकारी गराइनेछ। साथै यस चम्पादेवी गाउँपालिकाको सूचनापाटीमा समेत टाँस गरिने छ।

१२.पाठयक्रमः दरखास्त फारामसँगै प्राप्त गर्न सकिने।

१३.शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति(२०८०/१०/१३) सम्म जारी भएकालाई मात्र मान्यता दिइने छ।

१४.आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार चम्पादेवी गाउँपालिकालाई हुनेछ।

१५.दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा चम्पादेवी गाउँपालिकाको कार्यालयको टेलिफोन नं. ९८५२८४४४९मा सम्पर्क गरी बुझ्न सकिने छ।

प्रेम प्रसाद सुवेदी
नि. प्रमुख प्रशासकिय अधिकृत

प्रेम प्रसाद सुवेदी
नि. प्रमुख प्रशासकिय अधिकृत